# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, पुष २९ गते, २०७८ साल (संख्या ०४

## भाग ३

गण्डकी प्रदेश सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सूचना**

### गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८

१. **पृष्ठभूमि**

नेपाली जनताले युगान्तकारी परिवर्तनका निम्ति गरेका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र थरुहट आन्दोलनको सगौरव सम्मान एवं शहीद तथा बेपत्ता, घाइते अपाङ्गता भएका व्यक्ति तथा परिवारको स्वास्थ्यको सुनिश्चित गर्दै नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरीसकेको सन्दर्भमा प्रदेशका जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्नु प्रदेश सरकारको दायित्व हो ।सङ्घीयताको मर्म बमोजिम संघ र स्थानीयस्तरसँग समन्वय र सहकार्य गर्दै प्रदेशको विशिष्टतालाई ध्यानमा राखी समतामूलक गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा आम नागरिकको सर्वव्यापी पहुँच सुनिश्चित गरी प्रदेशको विद्यमान स्वास्थ्य समस्यालाई सम्बोधन गर्नु प्रदेश सरकारको भूमिका अपरिहार्य भएकोले राष्ट्रिय स्वास्थ्य नीति, २०७६ लाई समेत आधार मानी प्रदेश भित्रका स्वास्थ्य समस्या र चुनौतीहरु, उपलब्ध श्रोत, साधन

तथा प्रमाणलाई समेत आधार बनाई प्रदेश स्वास्थ्य नीति, २०७८ जारी गरीएको छ।

२. **समिक्षात्मक विश्लेषण**

हिमाल, पहाड र तराईको भूगोल रहेको यस प्रदेशमा सरकारी, गैर-सरकारी र निजी क्षेत्रबाट स्वास्थ्य सेवा प्रवाह भैरहेको अवस्था छ । सरकारी स्वास्थ्य सेवा केन्द्रहरु स्थापना गर्दा प्रायः सबै भौगोलिक क्षेत्रलाई समेटिएको छ भने गैर-सरकारी र निजी स्तरका स्वास्थ्य सेवा केन्द्रहरु प्रायः शहरी र सुविधायुक्त स्थानलाई लक्षित गरी स्थापना भएको पाइन्छ ।प्रदेश भित्र बसोबास गर्ने हरेक वर्ग, समुदाय र स्थान विशेष आफ्नै परम्परागत चिकित्सा प्रणाली सञ्चालनमा छन् भने तिनीहरुलाई पनि व्यवस्थित गर्दै आधुनिक चिकित्सा प्रणालीको विस्तार गर्नु आजको आवश्यकता छ ।

आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि खोलिएका स्वास्थ्य संस्थाहरुले विद्यमान शासकीय संरचना, बढ्दो बसाईंसराईं र शहरीकरणको आधारमा स्वास्थ्य सेवा प्रवाह गर्नु जरुरी देखिन्छ । विगत देखि नै अपनाईएका प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पुन-र्स्थापनाका सेवाहरुलाई समय, काल र परिस्थिति अनुसार सुधार गर्नु पर्ने आवश्यकता छ। स्वास्थ्यका दृष्टिकोणले जोखिममा रहेका वर्ग, समुदाय र पिछडिएको दुर्गम क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरुलाई स्वास्थ्य सेवाको समतामूलक पहुँच बढाउनु आजको आवश्यकता हो ।

३. **वर्तमान स्थिति**

गण्डकी प्रदेशमा आधुनिक चिकित्सा, आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक सेवाका साथै स्वस्थ जीवनशैली परिवर्तनका लागि स्वास्थ्य सेवा प्रवाह हुँदै आइरहेको छ ।स्वास्थ्य सेवालाई नियमित रुपमा प्रवाह गर्नका लागि प्रदेश सरकार मातहतमा स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, क्षयरोग उपचार केन्द्र, संक्रामक तथा सरुवा रोग अस्पताल सहित जिल्लामा स्वास्थ्य कार्यालय, जिल्लास्तरिय अस्पताल र आयुर्वेद स्वास्थ्य औषधालय/जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेका छन्।त्यस्तै प्रदेश सरकारको समन्वयमा ८५ स्थानीय स्तर मातहतमा आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकि, आधारभूत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिकहरु सञ्चालनमा रहेका छन् । सरकारी, गैर सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सरकारको मापदण्ड बमोजिम सञ्चालित

स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य सेवा प्रवाह हुँदै आएता पनि दुर्गम क्षेत्र, बिपन्न, सीमान्तकृत र लक्षित वर्गमा स्वास्थ्य सेवाको सर्वसुलभ पहुँचमा कमी छ । सङ्घीयताको मर्म अनुसार प्रवाह भएको स्वास्थ्य सेवाले यस प्रदेशमा मातृ मृत्यु दर, शिशु मृत्यु दर घट्दो क्रममा छ । मातृ तथा बाल्यकालीन पोषणको अवस्था सुधारोन्मुख हुनुका साथै पूर्णखोप सुनिश्चित प्रदेश समेत भैसकेको अवस्था छ । प्रदेश भित्र संक्रामक तथा सरुवा रोग र कीटजन्य रोगहरु राष्ट्रिय लक्ष्य अनुरुप निवारण र नियन्त्रणको अवस्थामा रहेतापनि नसर्ने रोगको प्रकोप र मानसिक स्वास्थ्य समस्या बढ्दो क्रममा छ ।

## ४. समस्या, चुनौती र अवसर

४.१. विद्यमान समस्या

- सबै भौगोलिक क्षेत्र, वर्ग, र समुदायमा आधारभूत स्वास्थ्य सेवाको सहज रुपमा पहुँच पुऱ्याउन नसकिएको ।
- राजनीतिक परिवर्तनका लागि जनयुद्ध र जनआन्दोलनमा योगदान गर्नुहुने व्यक्ति र आश्रित परिवारमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन नसकिएको ।
- सरकारी स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीएको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन नसकिएको।
- उपचारात्मक सेवामा जनताको व्यक्तिगत खर्च घटाउन नसकिएको ।
- जनस्वास्थ्यका कार्यक्रमहरुलाई तुलानात्मक रुपमा कम महत्व दिएकाले सर्ने-नसर्ने रोगको नियन्त्रणमा कठिनाई भएको ।
- स्वास्थ्य संस्थाहरुको समयानुकूल संगठन व्यवस्थापन, सर्वेक्षण, भौतिक पूर्वाधारको विकास र नवीनतम औजार र उपकरणको आपूर्ति तथा मर्मत गर्न नसकिएको ।
- आधारभूत स्वास्थ्य सेवा निःशुल्क भएता पनि नियमित रुपमा तोकिएका सबै निःशुल्क औषधीहरु स्वास्थ्य संस्थामा उपलब्ध गराउन नसकिएको ।
- स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच पुऱ्याउन महत्वपूर्ण रणनीतिको रुपमा रहेको स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार र व्यवस्थित गर्न नसकिएको ।

- समयानुकूल जनशक्तिको अनुमान र विकास, समानुपातिक वितरण र आवधिक रुपमा क्षमता अभिवृद्धि र प्रोत्साहनका कार्यमा जोड दिन नसकिएको ।
- स्वास्थ्य क्षेत्रमा हासिल गर्नु पर्ने लक्ष्य बमोजिम लगानी न्यून भएको।
- निजी, सामुदायिक र गैर-सरकारी स्तरवाट सञ्चालित स्वास्थ्य संस्थाहरुको नियमन, अनुगमन र सुपरिवेक्षण प्रणाली सुदृढ बनाउन नसकिएको ।
- अभिलेख तथा प्रतिवेदन प्रणालीलाई चुस्त दुरुस्त र विश्वसनीय बनाई विद्युतीय प्रणालीमा लैजान नसकिएको ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणालीको विकास र विस्तार अपेक्षित गतिमा विस्तार नभएको ।
- अनुसन्धानको क्षेत्रमा पर्याप्त जोड दिन नसकिएको ।

४.२. विद्यमान चुनौती

- जलवायु परिवर्तन, वायु प्रदुषण, बढ्दो शहरिकरण र अव्यवस्थित बसोबासबाट सिर्जित स्वास्थ्य समस्याको व्यवस्थापन गर्नु ।
- नाफामुलक निजी स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रमा रुपान्तरित गर्नु।
- कतिपय स्वास्थ्य संस्थाहरु भौगोलिक रुपमा गाउँ वस्तिबाट टाढा भएको कारण सहज पहुँचमा कठिनाई हुनु ।
- समाजप्रति उत्तरदायी र जवाफदेही स्वास्थ्य जनशक्ति उत्पादन, विकास र समानुपातिक वितरण गर्नु ।
- स्वास्थ्य क्षेत्रमा अपेक्षित लगानी वृद्धि गर्नु ।

४.३. विद्यमान अवसर

- प्रदेश सरकारलाई कानून, नीति, योजना, मापदण्ड आदिको निर्माण एवं कार्यान्वयन गर्ने संवैधानिक अधिकार प्राप्त भएको।
- सरकारबाट स्थानीय स्तरसम्म विभिन्न स्तरका स्वास्थ्य संस्थाहरुको स्थापना र सञ्चालन गर्ने प्रतिवद्धता प्राप्त भएको।
- सर्वसाधारण जनतामा स्वास्थ्य सम्बन्धी चेतना बढ्दै गएको र उपलब्ध स्वास्थ्य सेवाको उपभोग  गर्ने प्रचलन बढ्दै गएको।
- निजी तथा गैर-सरकारी स्वास्थ्य संस्थाहरुको समन्वय र सहकार्य बढ्दै गएकाले स्वास्थ्य प्रणालीमा सहयोग पुग्ने अवस्था रहेको।

- स्वास्थ्य सेवामा पहुँच र आर्थिक जोखिम कम गर्नको लागि स्वास्थ्य बिमाको अभ्यास र विस्तार हुँदै गएको ।
- स्वास्थ्य सेवाको प्रभावकारी योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न संरचनाको व्यवस्था भएको ।

## ५. नीतिको आवश्यकता एवं औचित्य

गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजनामा स्वास्थ्य क्षेत्र सुधारका लागि प्रतिवद्धता व्यक्त गरे अनुसार र संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकसँग मेल खानेगरी स्वास्थ्य सम्बन्धी नीति र कानून निर्माण गर्न सक्ने छ भन्ने विषय समावेश गरे अनुरुप प्रदेशको विशिष्ट भौगोलिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक परिस्थितिसँग मिल्दोजुल्दो स्वास्थ्य नीति बनाई आगामी दिनमा स्वास्थ्य योजनालाई मार्गदर्शन प्रदान गर्नका साथै समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक बनाउनका साथै राजनीतिक प्रतिवद्धतामा जाहेर गरेका स्वास्थ्य सबालहरुको सम्बोधन गर्दै यस प्रदेशमा रहेका विद्यमान समस्या, चुनौती र सम्भावनाको विश्लेषण गरी भविष्यमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्न, समानुपातिक र दिगो स्वास्थ्य सेवा प्रवाह गर्न यो नीतिको तर्जुमा गरीएको हो ।

## ६. दीर्घकालीन सोच

समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक ।

## ७. ध्येय

स्वास्थ्य क्षेत्रमा उपलब्ध श्रोत र साधनको समुचित उपयोग गरी संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

## ८. लक्ष्य

सामाजिक न्याय, सुशासान र जवाफदेहितामा आधारित स्वास्थ्य प्रणालीको विकासका माध्यमबाट स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच र उपभोग सुनिश्चित गर्दै स्वास्थ्यलाई समग्र विकासको एक प्रमुख आधार स्तम्भको रुपमा स्थापित गर्ने।

९. <u>उद्देश्यहरु</u>

९.१. संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हक सुनिश्चित गर्नका लागि सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच र उपभोगको अवसर सृजना गर्नु।

९.२. आधुनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत गुणस्तरीय प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक तथा विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवालाई समतामूलक रुपमा विकास र विस्तार गर्नु ।

९.३. स्वास्थ्य सेवा प्रवाहमा सरकारी (सङ्घीय सरकार र स्थानीय सरकार), गैरसरकारी, सामुदायिक र निजी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारीको प्रवर्द्धन गर्नु ।

९.४. सुशासन, पारदर्शिता, जनउत्तरदायी, जनमैत्री, जवाफदेही स्वास्थ्य प्रणालीको विकास गर्नु ।

९.५. सामाजिक सुरक्षाको महत्वपूर्ण अङ्गको रुपमा विकास गर्न स्वास्थ्य सेवामा समयानुकूल लगानी बढाउदै लैजानु ।

९.६. महामारीजन्य रोग तथा विपद्को पूर्व तयारी, निदान, उपचार, व्यवस्थापन र नियन्त्रण गर्नु ।

१०. <u>अपेक्षित प्रतिफल</u>

गण्डकी प्रदेश स्वास्थ्य नीतिले संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्नको लागि सहजता हुनुका साथै प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवामा सबै प्रदेशबासीहरुको पहुँच अभिवृद्धि हुनेछ। विपद् तथा महामारीजन्य रोगको रोकथाम र नियन्त्रण प्रभावकारी हुन गई त्यसबाट हुन सक्ने क्षति न्यून हुनेछ । नीतिले गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिएको कारण विशेषज्ञ र विशिष्टीकृत सेवामा विस्तार भई जिल्ला वा प्रदेश बाहिर उपचार गराउन जानुपर्ने बाध्यात्मक स्थितिको अन्त्य हुनेछ । प्रविधिमैत्री स्वास्थ्य सेवाले स्वास्थ्य प्रणालीलाई सक्षम जवाफदेही, पारदर्शी

बनाई सुशासन कायम गर्न सघाउ पुऱ्याउनेछ। प्रभावकारी स्वास्थ्य बिमा कार्यक्रमको विस्तारबाट उपचारमा नागरिकले व्यक्तिगत रुपमा गर्नुपर्ने खर्च कटौती हुनेछ र कमजोर आर्थिक अवस्थाका कारण उपचार हुन नसक्ने अवस्था अन्त्य हुनेछ ।

## ११. <u>नीतिहरु</u>

भौगोलिक, सामाजिक, साँस्कृतिक र आर्थिक परिवेशका साथै विद्यमान स्वास्थ्य सेवामा देखिएका समस्या, चुनौती र अवसरलाई मध्यनजर गर्दै सम्पूर्ण नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच, उपभोग र गुणस्तर कायम राख्नका लागि प्रदेश सरकारले देहाय बमोजिमका नीतिहरु अवलम्बन गरेको छ ।

११.१. निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाईने छ।

११.२. प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्यमा सुधार गरी खोप र पोषण सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

११.३. विशेषज्ञ र विशिष्टीकृत (मुटु, मृगौला, कलेजो, क्यान्सर र मानसिक रोग) स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्दै लगिनेछ ।

११.४. मुख, नाक, कान, घाँटी र आँखा सम्बन्धी स्वास्थ्य सेवालाई वर्तमान स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी सञ्चालन गरिनेछ ।

११.५. सीप मिश्रित, विशेषज्ञ र विशिष्टीकृत सहितको दक्ष जनशक्तिबाट सेवा दिइनेछ ।

११.६. स्वास्थ्य संस्थामा औषधी, औषधी/चिकित्साजन्य सामग्री तथा भ्याक्सीनको अटुट रुपमा आपूर्तिको व्यवस्था गरिनेछ ।

११.७. एक चिकित्सक/स्वास्थ्यकर्मी, एक संस्था नीति अवलम्बन गरिनेछ ।

११.८. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई प्रवर्द्धन गरिनेछ ।

११.९. गैरसरकारी, निजी,सामुदायिक, सहकारी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ ।

११.१०. स्वास्थ्य प्रणालीमा सुशासन कायम गरिनेछ।

११.११. स्वास्थ्य योजनालाई तथ्यपरक बनाइनेछ र योजना बनाउन स्वास्थ्य अनुसन्धानलाई जोड दिइनेछ ।

११.१२. पूर्ण डिजिटल अभिलेख र प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

११.१३. स्वास्थ्य सेवामा लगानी वृद्धि गर्दै स्वास्थ्य उपचारमा नागरिकको व्यक्तिगत खर्च क्रमशः घटाउँदै लगिनेछ ।

११.१४. स्वास्थ्य बिमा कार्यक्रमलाई सुदृढीकरणगर्दै गुणस्तरीय बनाउँदै लगिनेछ ।

११.१५. मेडिकल पर्यटनको नीति अवलम्बन गरिनेछ।

११.१६. विपद् तथा महामारी जन्य रोगको नियन्त्रण तथा रोकथाम गरिनेछ।

११.१७. मानसिक रोग, नसर्ने रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि प्राथमिकता दिइनेछ।

११.१८. बढ्दो शहरीकरण,आन्तरिक तथा बाह्य बसाईंसराईं जस्ता विषयहरुको समयानुकूल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्या समाधान गरिनेछ ।

<u>प्रत्येक नीति अन्तर्गतका रणनीतिहरु</u>

**११.१. निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच बढाईने छ ।**

११.१.१. आधारभूत स्वास्थ्य सेवाहरु स्वास्थ्य संस्थाहरुबाट निःशुल्क उपलब्ध गराईनेछ । आवश्यकताको आधारमा आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्दै समन्वय र सहकार्यमा लगिनेछ ।

११.१.२. स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्थाको स्थापना गरिनेछ । पहुँच नभएका स्थानहरुमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्था थप गरी स्थानीय स्तरसँगको सहकार्यमा सेवा सुरु गरिनेछ ।

११.१.३. सबै स्वास्थ्य संस्थाहरुबाट आकास्मिक स्वास्थ्य सेवा प्रदान गरिनेछ र सोको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ ।

**११.२. प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्यमा सुधार गरी खोप र पोषण सेवालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।**

११.२.१. स्थानीय स्तरको सहकार्यमा प्रदेशमा आवश्यकताका आधारमा मातृ प्रतिक्षागृह र बर्थिङ सेन्टरहरुको विस्तार गरिनेछ।

११.२.२. दुर्गम र अति दुर्गम क्षेत्रका गर्भवती, सुत्केरी र नवजात शिशुमा जटिलता देखिएमा तत्काल हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालमा पुर्‍याई सेवा प्रदान गरिने छ ।

११.२.३. यौन तथा प्रजनन स्वास्थ्य सेवाको सुनिश्चित गरी निःशुल्क सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच बढाइनेछ ।

११.२.४. लैङ्गिक हिंसान्यूनीकरण गर्नुका साथै यसको रोकथाम उपचार र पुन-र्स्थापना गृहको व्यवस्था गरिनेछ । साथै बाल विवाह न्यूनीकरण गर्नका लागि चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

११.२.५. अस्पताल र समुदायमा मातृतथा नवजात शिशुको मृत्युका कारण पत्ता लगाउने कार्यलाई प्रणालीको रुपमा विकास गरिनेछ ।

११.२.६. नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन, प्रजनन स्वास्थ्य, खोप सेवा, पोषण कार्यक्रमलाई प्रभावकारी बनाउन एकीकृत सूक्ष्म योजना तयार गरी लागू गरिनेछ ।

११.२.७. सबै स्वास्थ्य संस्थाहरुमा अस्थायी परिवार नियोजनका साधनको नियमित उपलब्धताको सुनिश्चित गर्दै प्रदेश स्तरका अस्पतालमा नियमित रूपमा स्थायी बन्ध्याकरण सेवा सञ्चालन र आवश्यकता अनुसार समुदायमा परिवार नियोजन शिविर र स्याटेलाईट क्लिनिक सञ्चालन गरिनेछ ।

११.२.८. बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावकारी रुपमा समुदाय स्तरसम्म सञ्चालन गरिनेछ ।

११.२.९. संघ, प्रदेश र स्थानीय स्तरसँगको समन्वय र सहकार्यमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत शारीरिक अभ्यास, स्वास्थ्य परीक्षण, किशोरीका लागि आइरन र सेनेटरी प्याड वितरण, शुद्ध खानेपानी र शौचालयको प्रवर्द्धन गर्ने कार्यमा सहयोग र सहजीकरण गरिनेछ ।

११.२.१०. निसन्तान दम्पतीको सन्तान प्राप्तीको अधिकार सुनिश्चित गर्दै निसन्तानपनको पहिचान र उपचारको लागि कार्यविधि बनाई सरकारी तथा निजीस्तरमा सेवा विस्तार गरिनेछ ।

११.२.११. बहुक्षेत्रीय समन्वयमा पोषण मैत्री वडा घोषणा अभियान सञ्चालन गरिनेछ ।

११.२.१२. प्रदेशका पालिकाहरुमा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम विस्तार गरिनेछ ।

**११.३. विशेषज्ञ र विशिष्टीकृत (मुटु, मृगौला, कलेजो, क्यान्सर र मानसिक रोग) स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सबैको पहुँच वृद्धि गर्दै लगिनेछ ।**

११.३.१. प्रदेश स्तरका अस्पतालबाट विशेषज्ञ तथा विशिष्टिकृत सेवा विस्तार गर्नका लागि प्रदेशमा रहेका प्रतिष्ठान, मेडिकल कलेजहरु र निजी अस्पतालहरूसँग समन्वय र सहकार्य बढाउदै लगिनेछ ।

११.३.२. दूर चिकित्सा विधि मार्फत दुर्गममा रहेका स्वास्थ्य संस्थामार्फत विशेषज्ञ सेवाको पहुँच विस्तार गर्दै लगिनेछ ।

११.३.३. विकट र पिछडिएका समुदायमा विशेषज्ञ घुम्ती सेवा मार्फत रोगको निदान, उपचारको व्यवस्थापन गरिनेछ ।

११.३.४. स्वास्थ्य संस्था, निजी तथा सामुदायिक अस्पतालहरुमा न्यूनतम सेवा मापदण्ड लागू गरिनेछ ।

११.३.५. जनसंख्याको घनत्वको आधारमा अस्पतालको स्तरोन्नति गरी गुणस्तरीय स्वास्थ्य सेवाको विस्तार गर्दै लगिनेछ ।

११.३.६. प्रदेश अन्तर्गत सञ्चालित संस्थाहरुको स्वीकृत शैयाको आधारमा संगठन व्यवस्थापन सर्वेक्षण गरी मानव संसाधनको व्यवस्थापन गरिनेछ ।

**११.४. सीप मिश्रित, विशेषज्ञ र विशिष्टीकृत सहितको दक्ष जनशक्तिबाट सेवा दिइनेछ ।**

११.४.१. प्रदेश अस्पतालमा आवश्यकता अनुसार विस्तारित सेवाको व्यवस्था गरिनेछ ।

११.४.२. स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि जनशक्तिको विकास र क्षमता अभिवृद्धि गरिनेछ ।

११.४.३. मानव श्रोत संसाधनको अधिकतम परिचालनका लागि एक छुट्टै कार्यविधिको विकास गरी स्वास्थ्यकर्मीलाई प्रोत्साहन गरिनेछ ।

११.४.४. प्रदेश सरकारले विशेषज्ञ र विशिष्टीकृत दक्ष जनशक्ति उत्पादन गर्नका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

**११.५. स्वास्थ्य संस्थामा औषधी, औषधी/चिकित्साजन्य सामग्री तथा भ्याक्सीनको अटुट रुपमा आपूर्तिको व्यवस्था गरिनेछ ।**

११.५.१. स्वास्थ्य संस्थामा गुणस्तरीय औषधीको अटुट आपूर्तिको लागि प्रदेशमा गुणस्तरीय औषधी प्रयोगशाला सहितको औषधी उद्योगको स्थापना गरिनेछ ।

११.५.२. औषधीको नियमित उपलब्धताको लागि स्थानीय स्तरसँगको समन्वयमा समयमै अत्यावश्यक औषधीहरुको प्रक्षेपण तथा परिमाण निर्धारण गरी गुणस्तरीय औषधी तथा उपकरण खरिद गर्ने प्रणालीको विकास गरिनेछ ।

११.५.३. प्रदेश र जिल्लामा औषधी तथा औषधी/चिकित्साजन्य सामाग्री तथा भ्याक्सीनको लागि भण्डारण तथा वितरण प्रणालीलाई व्यवस्थित गरिनेछ ।

११.५.४. स्वास्थ्य क्षेत्रको विशेषता र संवेदनशिलतालाई ध्यान दिई सार्वजनिक खरिद ऐन तथा नियमावलीलाई संशोधन गरिनेछ ।

११.५.५. प्रदेश सरकार मातहतका सबै अस्पतालहरुमा दक्ष जनशक्ति सहितको फार्मेसी सेवा सञ्चालन गरी सर्वसुलभ रूपमा औषधी तथा औषधीजन्य सामाग्रीहरु उपलब्ध गराइने छ ।

११.५.६. अनियन्त्रित रुपमा वितरण गरीने औषधीको नियमन तथा गुणस्तर नियन्त्रण गर्न नियमित अनुगमन गरिनेछ ।

११.५.७. औषधीको समुचित प्रयोग गर्ने अभ्यासलाई प्रोत्साहित गरिनेछ र प्रदेश जनस्वास्थ्य प्रयोगशालाको सहकार्यमा प्रदेश अस्पताल र निजी अस्पतालहरुमा प्रतिजैविक औषधीको प्रतिरोध निगरानी प्रणाली लागू गरिनेछ ।

११.५.८. औषधीको अनुचित प्रयोग गर्ने, गराउने परिपाटीलाई निरुत्साहित र नियन्त्रण गर्न निश्चित मापदण्ड बनाई लागू गरिनेछ ।

११.५.९. प्रदेशमा अत्याधुनिक बायोमेडिकल ईन्जिनियरिङ मर्मत केन्द्र स्थापना गरी स्थानीय स्तरसम्म यसको सेवा उपलब्ध गराइने छ।

**११.६. एक चिकित्सक/स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था नीति अवलम्बन गरिनेछ ।**

११.६.१. एक चिकित्सक/स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था नीति कार्यन्वयनका लागि कार्यविधि बनाई स्वास्थ्यकर्मीलाई थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**११.७. मुख, नाक, कान, घाँटी र आँखा सम्बन्धी स्वास्थ्य सेवालाई वर्तमान स्वास्थ्य सेवा प्रणालीमा एकीकृत गरी सञ्चालन गरिनेछ ।**

११.७.१. मुख स्वास्थ्य सेवालाई सबै प्रदेशस्तरका अस्पतालमा सञ्चालन गरिनेछ र यस सम्बन्धी चेतनामूलक कार्यक्रमहरु विद्यालय र समुदाय स्तरसम्म पुऱ्याईनेछ ।

११.७.२. नाक, कान, घाँटी र आँखास्वास्थ्य सेवालाई एकीकृत स्वास्थ्य सेवाको रुपमा विस्तार गरी प्रदेश अस्पतालबाट सञ्चालन गरिनेछ र यी सेवालाई आवश्यकताको आधारमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

**११.८. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई प्रवर्द्धन गरिनेछ ।**

११.८.१. प्रदेशभित्र उपलब्ध हुने जडिबुटी उत्पादन गर्न प्रोत्साहन गर्दै जडिबुटी प्रशोधन गरिनुका साथै औषधी निर्माणका लागि ग्रामिण (रुरल) फार्मेसीको स्थापना गरिनेछ ।

११.८.२. परम्परागत रुपमा जडिबुटीको प्रयोग गरी उपचार गर्दै आएकाहरुलाई निश्चित मापदण्ड तयार गरी सूचीकृत गरिनेछ ।

११.८.३. प्रदेशमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पतालको स्थापना गरी उपचार सेवाको विकास गरिनेछ ।

११.८.४. प्रदेश भित्रका जिल्लास्तरीय आयुर्वेद संस्थाहरुलाई स्तरोन्नति गरी अन्तरङ्ग सेवा समेत प्रदान गरिनेछ ।

११.८.५. संघ, प्रदेश र स्थानीय स्तरसंगको समन्वय र सहकार्यमा सक्रिय जीवनशैली अपनाउनका लागि सबै नागरिकलाई योग, ध्यान, व्यायाम जस्ता कार्यक्रमहरु प्रति अभिप्रेरित गरिनेछ ।

११.८.६. प्रदेश अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा गठित व्यवस्थापन समितिको संस्थागत क्षमता अभिवृद्धि गरी थप जिम्मेवार बनाइनेछ ।

११.८.७. स्वास्थ्य संस्थाहरुमा सेवा प्रदायकहरुको पेशागत सुरक्षाको प्रत्याभूति हुने वातावरण सृजना गरिनेछ ।

**११.९. गैरसरकारी, निजी, सामुदायिक, सहकारी साझेदारीको अवधारणा अवलम्बन गरिनेछ ।**

११.९.१. शहिद र बेपत्ताका परिवार, जनयुद्ध, द्वन्द पीडित, जन-आन्दोलन, मधेस आन्दोलन, थरुहट आन्दोलनका घाईते, गरीब, दलित, अपाङ्ग, उत्पीडित समुदायका व्यक्तिहरुलाई प्रवर्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा प्रदान गर्नाका लागि निजी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

११.९.२. निजी, सामुदायिक र संस्थागत अस्पताललाई सामाजिक उत्तरदायित्व बहन गर्ने वातावरण सृजना गरिनेछ ।

११.९.३. दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालनका लागि स्थानीय स्तर र गैर-सरकारी संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

**११.१०. स्वास्थ्य प्रणालीमा सुशासन कायम गरिनेछ ।**

११.१०.१. प्रदेश स्तरका अस्पतालहरुलाई स्तरोन्नति गर्न समय सापेक्ष संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ ।समाजप्रति उत्तरदायी, पारदर्शी र जवाफदेही स्वास्थ्य प्रणालीको विकास गरिनेछ ।

११.१०.२. प्रदेशका सबै स्वास्थ्यका सेवा प्रदायक संस्थाहरुमा नियमित रुपमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गरी संस्थालाई थप जिम्मेवार बनाइनेछ ।

११.१०.३. स्वास्थ्य संस्थाहरुलाई अपाङ्ग, प्रविधि र सेवाग्राही मैत्री बनाई गुणस्तरीय सेवा प्रवाह गर्ने वातारणको सृजना गरिनेछ ।

११.१०.४. स्वास्थ्य जनशक्तिको सरुवा प्रकृयालाई व्यवस्थित गर्न विद्युतीय अभिलेख प्रणालीको आधारमा वैज्ञानिक/चक्रीय सरुवा पद्धती लागू गरिनेछ ।

**११.११. स्वास्थ्य योजनालाई तथ्य परक बनाइने छ र योजना बनाउन स्वास्थ्य अनुसन्धानलाई जोड दिइनेछ ।**

११.११.१. सङ्घीय सरकारसँगको समन्वयमा प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् स्थापना गरी स्वास्थ्य अनुसन्धान कर्तालाई अनुसन्धान कार्यमा प्रेरित गरिनेछ ।

११.११.२. सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी नतिजाको आधारमा सफल कार्यक्रमहरुलाई विस्तार गर्दै कार्यान्वयन गरिनेछ ।

**११.१२. पूर्ण डिजिटल अभिलेख र प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।**

११.१२.१. स्वास्थ्य संस्थाको मानव संसाधन, पूर्वाधार, औषधी, औजार-उपकरण, वित्त व्यवस्थापन तथा स्वास्थ्य सेवाको DHIS-2 र eLMIS प्रणालीमा आवद्ध गर्दै एकिकृत विद्युतीय अभिलेख र प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

**११.१३. स्वास्थ्य सेवामा सरकारी लगानी वृद्धि गर्दै स्वास्थ्य उपचारमा नागरिकको व्यक्तिगत खर्च क्रमशः घटाउँदै लगिनेछ ।**

११.१३.१. स्वास्थ्य सेवामा सरकारको लगानी समयानुकूल वृद्धि गर्दै स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको भार क्रमशः घटाउँदै लगिनेछ ।

११.१३.२. स्वास्थ्य सेवाको लगानी लागत प्रभावकारिताका आधारमा गरिनेछ ।

११.१३.३. निजी स्तरका अस्पतालबाट गरिब तथा विपन्न,ज्येष्ठ नागरिक,अपाङ्ग र द्वन्द पीडितहरुका लागि निःशुल्क र सहुलियत दरमा उपचार गराउन निश्चित मापदण्ड तयार गरी लागू गरिनेछ ।

११.१३.४. प्रदेश मातहतका अस्पतालहरुबाट शहिद र बेपत्ताका परिवार, जनयुद्ध, द्वन्द्व पीडित, जन-आन्दोलन, मधेस आन्दोलन, थरुहट आन्दोलनका घाईते तथा अपाङ्गहरुलाई निःशुल्क उपचार सेवा उपलब्ध गराइनेछ ।

११.१३.५. स्वास्थ्यकर्मीहरु सेवा प्रवाहको क्रममा स्वयं स्वास्थ्य जोखिममा पर्न गएमा निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।

११.१३.६. प्रदेश सरकारले स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नेछ।

## ११.१४. स्वास्थ्य बिमा कार्यक्रमलाई सुदृढीकरण गर्दै गुणस्तरिय बनाउँदै लगिनेछ ।

११.१४.१. स्वास्थ्य बिमा सेवालाई सबैको पहुँचमा पुऱ्याउन सेवा प्रदायक संस्थाको क्षेत्र र क्षमता अभिवृद्धि गरिनेछ ।

११.१४.२. शहिद र बेपत्ताका परिवार, जनयुद्ध, द्वन्द्व पीडित, जन-आन्दोलन, मधेस आन्दोलन, थरुहट आन्दोलनका घाइते तथा अपाङ्गहरु, अति गरिब, विपन्न तथा लोपोन्मूख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ ।

११.१४.३. स्वास्थ्य बिमा कार्यक्रमलाई स्थानीय स्तरसम्म विस्तार गर्नका लागि जनचेतना अभिवृद्धि गरिनेछ ।

११.१४.४. स्वास्थ्य बिमा लागू भएका अस्पतालहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम पनि लागू गरिनेछ ।

११.१४.५. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन संयन्त्र निर्माणगरी नियमितरुपमा अनुगमन र नियमनको व्यवस्था गरिनेछ ।

**११.१५. मेडिकल पर्यटनको नीति अवलम्बन गरिनेछ ।**

११.१५.१. चिकित्सा पर्यटन केन्द्रको रूपमा विकास गर्नको लागि प्रदेश भित्रका मुख्य-मुख्य पर्यटक स्थलहरुमा रहेका स्वास्थ्य संस्थाबाट पर्यटक मैत्री स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।

११.१५.२. गण्डकी प्रदेश पर्यटकहरूको प्रमुख गन्तव्य स्थल भएको हुँदा अन्तर्राष्ट्रिय पर्यटकीय चिकित्सा केन्द्रको रूपमा स्थापना गर्न अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको अस्पतालको स्थापना गरिनेछ ।

**११.१६. विपद् तथा महामारीजन्य रोगको नियन्त्रण तथा रोकथाम गरिनेछ ।**

११.१६.१. विपद् तथा महामारीजन्य, कोभीड-१९ लगायत रोगको नियन्त्रणका लागि एउटा स्थायी संरचनाको संस्थागत विकास गरी एकिकृत रोग निगरानी प्रणालीको विकास गरिनेछ ।

११.१६.२. बढ्दो दुर्घटनाबाट सिर्जित स्वास्थ्य समस्याको समयमा उपचार तथा व्यवस्थापनका लागि आवश्यकताका आधारमा ट्रमा सेन्टर र अस्पतालहरुमा ट्रमा युनिट स्थापना गरिनेछ ।

११.१६.३. संघ, प्रदेश र स्थानीय स्तरको समन्वय र सहकार्यमा महामारीजन्य रोग र कीटजन्यको रोकथाम, नियन्त्रण र उपचारको लागि संक्रामक तथा सरूवा रोग अस्पतालको निर्माण गरिनेछ ।

११.१६.४. प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई सुदृढीकरण गर्दै अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ ।

११.१६.५. प्रदेश स्तरीय स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रलाई सुदृढीकरण गरी समयमै महामारी रोगको नियन्त्रण, रोकथाम र निगरानी कार्यलाई चुस्त दुरुस्त बनाईने छ ।

११.१६.६. कृषि, पशुपक्षिं, कीटजन्य जस्तै शापु, वन तथा वातावरणजन्य रोगहरुको रोकथाम र नियन्त्रणका लागि एक स्वास्थ्य रणनीतिको आधारमा नयाँ तथा पुनः देखिने रोगहरु, महामारी एवम् जुनोटिक रोगहरुको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य, कृषि, पशु-स्वास्थ्य, वनस्पति र वातावरणसँग सम्बन्धित निकायहरु बीचको एकीकृत समन्वय र प्रयासबाट रोकथाम र नियन्त्रण गरिनेछ ।

११.१६.७. क्षयरोगको आधुनिक पद्धति अनुसारको निदान र उपचार केन्द्रलाई स्तरोन्नति गरी बहु-औषधी प्रतिरोधी विरामीका लागि आवास सहितको क्षयरोग अस्पताल तथा अनुसन्धान केन्द्रको व्यवस्था गरिनेछ ।

**११.१७. मानसिक रोग, नसर्ने रोग, जलवायु परिवर्तनद्वारा सिर्जित रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि प्राथमिकता दिइनेछ।**

११.१७.१. जिल्ला अस्पतालमा मानसिक रोग र नसर्ने रोगको बहिरंग र अन्तरंग सेवा विस्तार गरिनेछ ।

११.१७.२. पोलियो, दादुरा, धनुष्टंकार, इन्सेफलाईटिस, औलो, कालाजार, डेंगु, कुष्ठरोग, हात्तीपाईले लगायतका रोगहरुको उन्मूलन, निवारण र नियन्त्रण गरिनेछ ।

११.१७.३. स्थानीय स्तरको समन्वयमा समुदाय स्तरमा नसर्ने रोग तथा जलवायु परिवर्तनद्वारा सृजित रोगको रोकथाम र नियन्त्रण गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै त्यस्ता रोगहरुको समयमै पहिचान गरिनेछ ।

११.१७.४. सिकलसेल एनिमिया, थालेसेमिया, हेमोफिलिया जस्ता रोगहरुको प्रतिकारात्मक तथा उपचारात्मक क्रियाकलाप सञ्चालन गरिनेछ।

११.१७.५. सम्बन्धित सरोकारवाला संस्थाहरुसँगको सहकार्यमा व्यवसायजन्य स्वास्थ्य समस्याहरुको न्यूनीकरण गर्नका लागि साझा मापदण्ड बनाई लागू गरिनेछ ।

११.१७.६. सुर्तीजन्य, लागू तथा मादक पदार्थको सेवन कार्यलाई नियन्त्रण गर्ने क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

११.१७.७. सबै सरकारी अस्पतालहरुमा ज्येष्ठ नागरिक वार्ड स्थापना गरी सेवा दिइनेछ ।

११.१७.८. शहरी क्षेत्रका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा नसर्ने रोग र मानसिक रोगको प्रवर्द्धनात्मक, निदानात्मक, प्रतिकारात्मक र उपचारात्मक सेवा विस्तारका लागि स्थानीय स्तरको समन्वयमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

११.१७.९. सबै जिल्ला स्तरका अस्पतालहरुमा प्राथमिकताको आधारमा डायलाइसिस सेवा विस्तार गरिनेछ ।

**११.१८. बढ्दो शहरीकरण, आन्तरिक तथा बाह्य बसाईंसराईं जस्ता विषयहरुको समयानुकूल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्या समाधान गरिनेछ ।**

११.१८.१. जनसंख्या वृद्धि, जन्म, मृत्यु, बसाईंसराईं, सम्बन्ध विच्छेद सम्बन्धी अध्ययन-अनुसन्धान, स्थानीय स्तरसँगको समन्वय र सहकार्यमा स्वास्थ्य सेवासँग जोडी थप प्रभावकारी बनाइनेछ ।

११.१८.२. बाल विवाह, बहु विवाह र दाइजो प्रथालाई नियन्त्रण गर्न स्थानीय स्तर र स्थानीय प्रशासनको सहकार्यमा चेतना मूलक अभियान सञ्चालन गरिनेछ ।

११.१८.३. बढ्दो शहरीकरणलाई व्यवस्थित गर्न र त्यसबाट उत्पन्न हुने स्वास्थ्य समस्या समाधान गर्न प्रदेश र स्थानीय स्तरबीच साझेदारी र समन्वयमा विशेष क्रियाकलाप सञ्चालन गरिनेछ ।

१२. <u>नीतिको कार्यान्वयन</u>

१२.१. नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको क्षेत्राधिकार अनुसार नेतृत्वदायी भूमिका हुनेछ ।

१२.२. नीतिले अवलम्बन गरेका विषयवस्तुहरुलाई कार्यान्वयन गर्न स्तरोन्नति भएका र नयाँ सृजना हुने स्वास्थ्य संस्थाका साथै अन्य स्वास्थ्य निकायहरुको भूमिकालाई आधार मानी नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी लागू गरिनेछ ।

१३. <u>नीति कार्यान्वयनका लागि कानूनी प्रबन्ध</u>

१३.१. यस नीतिले अंगिकार गरेका विषयवस्तुहरु सम्बोधन गर्नका लागि आवश्यक पर्ने नीति, ऐन, नियमावली, मार्गदर्शन, कार्यविधि लगायतका दस्तावेजहरु विकास गरी लागू गरिनेछ ।

१४. <u>संस्थागत संरचना</u>

१४.१. यस नीति कार्यान्वयनमा प्रदेश स्तरमा रहेका स्वास्थ्यसँग सम्बन्धित निकायहरु, जिल्लामा रहेका अस्पताल, स्वास्थ्य कार्यालय, आयुर्वेद स्वास्थ्य केन्द्रहरु, प्रतिष्ठान, मेडिकल कलेज, निजी तथा गैर-सरकारी संघ संस्थाहरु र स्थानीय स्तरका स्वास्थ्य संस्थाहरुको महत्वपूर्ण भूमिका हुनेछ ।

१५. <u>वित्तिय व्यवस्थापन</u>

१५.१. यस नीतिको कार्यान्वयनका लागि मूलतः गण्डकी प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नियमित बजेटलाई आधार मानिने छ । साथै प्रदेश अन्तर्गत रहेका अन्य मन्त्रालयको बजेट तथा कार्यक्रमसँग तालमेल मिलाई नीतिमा उल्लेखित विषयवस्तुहरुको जिम्मेवार वहन गर्ने वातावरण सृजना गरिनेछ ।

१५.२. सङ्घीय सरकारबाट प्राप्त विशेष अनुदान, समानीकरण र समपूरक बजेटको आधारमा नीति कार्यान्वयन हुनेछ ।

१५.३. स्थानीय स्तरको योजना तथा बजेट निर्माण गर्दा नीतिमा उल्लेखित विषयवस्तुलाई समेट्नका लागि सहजिकरण गरिनेछ ।

१५.४. यस नीति कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था, निजी, सहकारी एवम् अन्य सरोकारवालाहरुसँग समेत समन्वय, सहकार्य र साझेदारीमा आवश्यक श्रोतको व्यवस्थापन हुनेछ।

१६. <u>अनुगमन तथा मूल्याङ्कन</u>

१६.१. नीति कार्यान्वयनको नियमित अनुगमन, समिक्षा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हुनेछ ।

१६.२. प्रदेश नीति तथा योजना आयोगले तयार गरेको नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यविधिको आधार र आवश्यकता अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट अनुगमन तथा मूल्याङ्कन चेकलिस्ट/ कार्यविधि तयार गरी नियमित अनुगमन तथा मूल्याङ्कनको प्रणाली विकास गरिनेछ ।

१७. <u>नीति कार्यान्वयनमा जोखिम न्यूनीकरण र व्यवस्थापनको उपाय</u>

१७.१. संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सम्बन्धी मौलिक हक र अधिकार सुनिश्चित गर्न प्रदेशको स्वास्थ्य सम्बन्धी एकल अधिकार, साझा अधिकार र कार्य विस्तृतीकरणका आधारमा तयार भएको स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी समृद्ध प्रदेशका लागि स्वस्थ र सुखी नागरिक बनाउन आवश्यक पर्ने बजेट तथा अन्य श्रोतको व्यवस्थापन हुन नसकेको अवस्थामा स्वास्थ्य सेवाको घोषित नीति तथा रणनीतिहरुको कार्यान्वयनमा कठिनाई हुन सक्छ।

१७.२. सङ्घीय संरचना अनुसार सङ्घीय सरकार र स्थानीय सरकारको पर्याप्त मात्रामा स्वास्थ्य सम्बन्धी योजना, कार्यान्वयन, समिक्षा तथा मूल्याङ्कन चरणमा समन्वय तथा सहकार्य हुन नसकेमा स्वास्थ्य सेवा व्यवस्थापनमा समस्या आउने देखिन्छ ।

१७.३. स्थानीय स्तरको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्यसँग सम्बन्धित गतिविधिहरु नबाझिने गरी समन्वयात्मक रूपमा यो स्वास्थ्य नीति लागू गरिनेछ ।

१७.४. संविधान प्रदत्त हक र अधिकारहरुलाई प्रभावकारी रूपमा प्रदेश भित्र लागू गर्नका लागि विद्यमान स्वास्थ्य संरचनामा पुनरावलोकन, संशोधन तथा नयाँ संरचनाको विकास गरी लागू गरिनेछ ।

आज्ञाले,
डा.विनोद विन्दु शर्मा
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.५०।-